# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०६।०९ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये गैरकानूनी लाभ तथा हानी पुऱ्याई भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८०।०६।०८ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
भोला दाहाल

**देहायः**

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादी **प्रतिवादी मीन बहादुर बिष्ट** भएको मुद्दा नं. ०७६-CR-०२११, फैसला मिति २०७९/११/१८ | झुठ्ठा बिल भरपाई पेश गरी भ्रष्टाचार गरेको। | प्रतिवादी मीनबहादुर बिष्टले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र दफा ८ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसुर गरेको देखिंदा निज प्रतिवादी मीनबहादुर बिष्टले हिनामिना तथा हानी नोक्सानी गरेको जम्मा रकम रु.२,३४,०००।००(अक्षेरुपी दुई लाख चौंतीस हजार मात्र) विगो कायम गरी निजलाई सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र विगो वमोजिम जरिवाना गरी हिनामिना तथा हानीनोक्सानी भएको विगो रकम रु.२,३४,०००/- सोही ऐनको दफा ८ को उपदफा (१) वमोजिम असुल उपर गरिपाउन मागदाबी लिइएको। | **फैसलाः**<br>प्रतिवादीलाई आरोप मागदावी भन्दा फरक न्यून बिगो कायम गरी कसूर ठहर तथा सजाय भएको।<br>प्रतिवादी मीन बहादुर बिष्टले रु.१,०५,३००।– बदनियतपूर्वक झुठ्ठा भरपाई खडा गरी भुक्तानी दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसुर गरेको देखिंदा बिगो रु.१,०५,३००।– कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कसूरको मात्रा अनुसार कैद र बिगो बमोजिम जरिवाना गरी बिगोसमेत असुल हुने ठहरी तथा वादी नेपाल सरकारको रु.१,२८,७००।–(अक्षेरुपी एक लाख अट्ठाईस हजार सातसय मात्र) समेत बिगो कायम गरी पाउँ भन्ने दावी पुग्न सक्दैन भन्ने ठहरी फैसला भएको।<br><u>विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः</u><br>१.निज प्रतिवादी मीन बहादुर बिष्टले अनुसन्धानको क्रममा र अदालत समक्ष गरेको बयानमा झुठ्ठा भर्पाई बनाई रकम हिना मिना गरेको सम्बन्धी आरोपित कसूरमा ईन्कार रही बयान गरेको।<br>२.पेश्की फछ्र्यौट गर्ने क्रममा ढुवानीका लागि प्रयोग गरिएका विभिन्न नं. का गाडीहरुका चालक तथा व्यवसायीले रकम बुझि गरी दिएको भरपाईमा भएका दस्तखतहरु ती व्यक्तिहरुको दस्तखतसँग मिल्दैनन् भनी राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट परीक्षण प्रतिवेदन प्राप्त हुन आएको देखिएको ।<br>३.प्रस्तुत मुद्दाका सम्बन्धमा मौकामा कागज गर्ने वादीका साक्षीहरुमध्ये हरी बहादुर | ❖ निज प्रतिवादी मीनबहादुर बिष्टलाई आरोपदावी भन्दा कम बिगोमा मात्र कसूर ठहर गरी सजाय गर्दा वैज्ञानिक प्रमाणको रुपमा रहेको राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको प्रतिवेदनको व्यहोरामा उल्लेखित सवारी चालक/ सवारी धनीहरुमध्ये महेश बहादुर रोकाहाको दस्तखत, गोविन्द बहादुर कुँवरको दस्तखत, लक्ष्मी थापाको दस्तखत र निजहरुको नामको भर्पाइमा भएको दस्तखत परीक्षण गर्दा उक्त दस्तखतहरु मिल्दैनन् भन्ने समेत व्यहोराको वैज्ञानिक र वस्तुनिष्ठ प्रमाण तथा उक्त परीक्षण गर्ने विज्ञले अदालतमा आई गरिदिएको बकपत्र समेतलाई अनदेखा गरी भएको फैसला प्रमाण विवेचनाको रोहमा त्रुटिपुर्ण भएकोले बदरभागी रहेको।<br>❖ राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट महेश बहादुर रोकाहा, गोविन्द बहादुर कुँवर र लक्ष्मी थापाको दस्तखत नमुना र निजहरुको नाममा भर्पाईमा भएको दस्तखत परीक्षण गर्दा उक्त दस्तखतहरु मिल्दैनन् भन्ने राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको प्रतिवेदन र परीक्षण गर्ने विशेषज्ञले अदालतमा उपस्थित भई गरेको बकपत्र वैज्ञानिक प्रमाणहरु हुन्, निश्चयात्मक प्रमाणहरु हुन्। यी प्रमाणहरुले झुठो बोल्दैनन्। यीनै व्यक्तिहरुले अदालतमा उपस्थित भई अनुसन्धानको क्रममा गरेको कागज भन्दा फरक भई प्रतिकुल बकपत्र गरेको प्रमाण वैज्ञानिक र निश्चयात्मक प्रमाण भन्दा विपरित किसिमको विवादास्पद प्रमाणहरु हुन्।सम्मानित सर्वोच्च अदालतबाट नेपाल सरकार विरुद्ध नारायण बहादुर राउत (ने.का.प. २०६६, अंक ६, निर्णय नं. ८१७९), नेपाल सरकार विरुद्ध कन्थे भन्ने कर्ण बहादुर साउद (ने.का.प. २०७५, अंक ११, निर्णय नं. १०१३२) समेतका विसौं मुद्दाहरुमा अन्य प्रमाणहरुबाट कसूर पुष्टी भईरहेको अवस्थामा केवल अनुसन्धानको क्रममा गरेको बकपत्र भन्दा प्रतिकुल बकपत्र गरेको आधारमा प्रतिवादीहरुले सफाई नपाउने भनी सिद्धान्तहरु प्रतिपादन भएको।तसर्थ प्रस्तुत मुद्दमा वैज्ञानिक एवं वस्तुनिष्ठ र निश्चयात्मक प्रमाणलाई एकातिर पन्छाई प्रतिकुल बकपत्र गर्ने साक्षीहरुको भनाईलाई प्रमाणमा लिई प्रतिवादीलाई आंशिक विगो मात्र ठहर गरी भएको बिशेष अदालतको फैसला सो हदसम्म त्रुटिपुर्ण एवं बदरयोग्य रहेको।<br>❖ प्रस्तुत मुद्दाका सम्बन्धमा वादी नेपाल सरकारका साक्षीहरु मध्येका गाडी चालक तथा व्यवसायीहरु लक्ष्मी थापा, महेश बहादुर रोकाहा र गोविन्द बहादुर कुँवरले मौकामा गरेको कागजको प्रतिकुल हुने गरी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | थापाले मात्र अदालतमा मौकाको कागज समर्थित बकपत्र गरेका तथा अन्य गाडी व्यवसायी तथा चालकहरुले मौकाको कागजको व्यहोराको प्रतिकुल हुनेगरी बकपत्र गरी दिएका।<br>४.वादी पक्षको साक्षीहरुमध्ये मौकाको कागजको व्यहोरासँग मेल नखाएको निज साक्षीहरुको बकपत्रलाई प्रमाणमा लिन नमिल्ने।<br>५.प्रस्तुत मुद्दाका सम्बन्धमा मौकामा कागज गर्ने वादीका साक्षी हरिबहादुर थापाको बकपत्र प्रमाण ग्राह्य हुने अवस्थाको देखिएको । | गाडी भाडा बापतको रकम आफैंले तथा गाडी साहुले बुझेको भनी अदालतमा बकपत्र गरिदिएकोले प्रतिवादी मीन बहादुर बिष्ट उपर कायम गरिएको कुल बिगो रकम रु.२,३४,०००।– (दुई लाख चौंतीस हजार मात्र) मध्ये वादी नेपाल सरकारका साक्षीहरु मध्येका लक्ष्मी थापा, महेश बहादुर रोकाहा र गोविन्द बहादुर कुँवरले मौकामा गरेको कागजको प्रतिकुल हुने गरी अदालतमा गरेको बकपत्रलाई आधार मानी निजहरुले बुझेको देखिएको बराबरले हुन आउने रकम रु.१,२८,७००।- (अक्षेरुपी एकलाख अठ्ठाईसहजार सातसय मात्र) ले न्युन बिगो कायम गरी रु.१,०५,३००।- (अक्षेरुपी एकलाख पाँचहजार तीनसय मात्र) मात्र बिगो कायम गरी मिशिल संलग्न तथ्य तथा लिखित प्रमाणहरु समेतलाई अनदेखागरी आरोप मागदावी भन्दा न्युन बिगो कायम हुने ठहरी भएको फैसला सो हदसम्म त्रुटिपुर्ण भएकोले सो हदसम्म बदरभागी रहेको। |